annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १६३, पृष्ठ ८ | काठमाडौं, शनिबार २४ असोज २०८३ | आश्विन कृष्णपक्ष औंशी नेपाल संवत् ११४६ | SATURDAY, OCTOBER 10, 2026 | मूल्य : रु. १०

‘सुखके सब साथी, दुःखमे न कोई’

चुनावका बेला हरिनारायण यादवको खुट्टै समात्थे। ‘आकाशको तारै झारेर हातैमा राखिदिउँला भैं’ वाचा गर्थे, नेताहरू। तर भोटेकोशी बाढीमा इन्जिनियर छोरा गुमाएको डेढ महिनासम्म हरिनारायणको घर छेउसम्म कुनै नेता देखा परेका छैनन्। शिक्षकबाट अवकाश पाएका हरिनारायणका दुःखबारे न स्थानीय सरकारका प्रतिनिधिले चासो दिएका छन्, न त प्रदेश र संघ सरकारले पहल नै गरेका छन्। त्यसैले हरिनारायणहरू भन्दै छन्- ‘सुखमा त सबै हुन्छन्, दुःखमा कोही न कोही।’

मनिका झा | *जनकपुरधाम*

समाचार पृष्ठ २

एआईजी दाहाल सेवाबाट बर्खास्त

सुरक्षाविज्ञ भन्छन्- कमजोरी के हो ? सरकारले स्पष्ट पार्नु पर्थ्यो

अन्नपूर्ण | *काठमाडौं*

सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक (एआईजी) वंशीराज दाहाललाई सरकारले सेवाबाट बर्खास्त गरेको छ।

पदीय आचरणविपरीत कार्य गरेको र अनुशासनहीनता प्रदर्शन गरेको अभियोगमा गृह मन्त्रालयले उनलाई सेवाबाट हटाउने निर्णय गरेको हो। तर, उच्च पदस्थ सुरक्षा अधिकारीलाई बर्खास्त गर्दा अपनाउनुपर्ने कानुनी प्रक्रिया र पारदर्शितामाथि पूर्वप्रहरी अधिकारी तथा सुरक्षा विज्ञहरूले प्रश्न उठाएका छन्।

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले एआईजी दाहाललाई आचरणसम्बन्धी नियमहरू पटक-पटक उल्लंघन गरेको, अनुशासनहीन कार्य दोहोऱ्याएको तथा नेपाल सरकार एवं आफू कार्यरत संगठनको मान, प्रतिष्ठा र छविमा आँच पुऱ्याएको कसुरमा बर्खास्त गरिएको जानकारी दिए। मन्त्रालयले उनले संवेदनशील सुरक्षा सूचना चुहावट गरेको आरोपसमेत लगाएको छ। सशस्त्र प्रहरी बल, नेपालले दाहालले पदीय मर्यादाविपरीत कार्य गर्दै सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना चुहावट गरेको निष्कर्ष निकाल्दै कारबाहीका लागि गृह मन्त्रालयमा सिफारिस गरेको थियो। सोही सिफारिसका आधारमा मन्त्रालयले गत असोज १९ गते उनलाई निलम्बन गरी घटनाको छानबिन गर्न जाँचबुझ अधिकृत तोकेको थियो।

सुरक्षाविज्ञको आपत्ति

संगठनको दोस्रो उच्च पदमा रहेका अधिकृतलाई बर्खास्त गर्दा अपनाइएको प्रक्रियालाई लिएर पूर्वप्रहरी प्रमुख तथा सुरक्षाविज्ञहरूले असन्तुष्टि व्यक्त गरेका छन्।

» बाँकी पृष्ठ ६

अन्नपूर्णमै सम्पूर्ण

ANNAPURNA MEDIA NETWORK

विशेष ग्राहक योजना

दशैँ तिहारको बहार, हात-हातमा उपहार

१ वर्षको ग्राहक योजना

ग्राहक शुल्क:
रु. ३४००/-

उपहार:
रु. ९९९ बराबरको
EARBUDS

२ वर्षको ग्राहक योजना

ग्राहक शुल्क:
रु. ६८००/-

उपहार:
रु. ३२०० बराबरको
SMART WATCH

THE ANNAPURNA express साथै
को ग्राहक बन्दा आकर्षक छुट

थप जानकारीका लागि:
०१-४११२४७१
16600170700

Annapurna Post
amncirculation@gmail.com
9841246663

काठमाडौं उपत्यका
कृष्ण श्रेष्ठ : ९८०११४७७०४
राजन खनाल : ९८४१८६५५०६

गण्डकी प्रदेश
भक्त श्रेष्ठ :
९८५६००९३००

लुम्बिनी प्रदेश
शिव भण्डारी :
९८०१०४७७५९